# प्रेस विज्ञप्ती

विश्व बैकको सहयोगमा नेपालमा संचालित आयोजनाहरुको वर्तमान अवस्था र भावि कार्यदिशा लिने उद्देश्यका साथ आज नेपाल सरकार अर्थ मन्त्रालय र नेपालस्थित विश्व वैंकको कार्यालयको संयुक्त तत्वावधानमा विश्व बैंकको सहायोगमा संचालित आयोजनाहरुको चौमासिक समीक्षा वैठक अर्थ मन्त्रालयको सभाकक्षमा सम्पन्न भयो ।




उक्त समीक्षा बैठकमा शहरी विकास क्षेत्रको उदयमान शहर परियोजना (Emerging Towns Project) भौतिक पूर्वाधार क्षेत्रका सडक क्षेत्र विकास परियोजना (Road Sector Development Project) र पुल निर्माण तथा सुधार आयोजना (Bridge Improvenent and Maintenance Project), उर्जा क्षेत्रको कावेली प्रसारण आयोजना (Kabeli Transmission Project) र शिक्षा क्षेत्रको व्यवसायिक शिक्षा तथा तालिम सुदृढीकरण परियोजना (Enhanced Vocational Education and Training Project) गरि ५ वटा समस्यायुक्त परियोजना तथा सम्भावित समस्यायुक्त परियोजनाका रुपमा स्वास्थ्य क्षेत्रको नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (Nepal Health Sector Program) र स्थानीय विकास क्षेत्रको सुनौला हजार दिन परियोजना (Sunaula Hazar Din) २ वटा गरि जम्मा ७ वटा परियोजनाहरुको वर्तमान अवस्था, देखिएका मुख्य समस्याहरु र तिनको समाधानको लागि चाल्नु पर्ने कदमहरुबारे छलफल भयो ।

वर्तमान अवस्थामा ती परियोजनाहरुले लक्ष्यानुसार खर्च गर्न नसक्नु (Less Disbursement), लेखापरिक्षण प्रतिवेदनको अद्यावधिक अवस्था, खरीद, वित्तीय व्यवस्थापन र सुरक्षा क्षमता अभिबृद्धिको योजना, पेश गर्न बाँकी रहेका कार्यान्वयन कार्ययोजना लगायत छिटोछिटो परियोजनासँग सम्बन्धित मुख्य-मुख्य कर्मचारीहरुको सरुवा, पूँजीगत खर्च न्यून रहेको, नेपाल सरकारबाट परियोजना संचालनका लागि अपनाउनु पर्ने औपचारिक कागजी प्रक्रियामा बढी समय लाग्ने गरेको, विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरु बीच उचित समन्वय नभएको, परियोजनाहरु संचालनका लागि प्रभावकारी कार्ययोजना (Action Plan), परियोजनामा सुशासनको आवश्यकता जस्ता मुद्दाहरु नेपालस्थित विश्व वैंकका प्रतिनिधिहरुले उठाएका थिए ।

विश्व वैंकका तर्फबाट श्री विज्ञान प्रधानले परियोजना विशेषसंग सम्बन्धीत प्रस्तुतिकरण गर्नु भएको थियो भने प्रस्तुतिकरण तथा छलफलका क्रममा उठेका मुद्वाहरु उपर सम्बन्धीत परियोजनाका परियोजना प्रवन्धक, मन्त्रालयका प्रतिनिधिहरुले स्पष्ट पार्दै भावी सुधार र कार्यका लागि प्रतिवद्वता व्यक्त गर्नु भएको थियो ।

छलफलका क्रममा उठाएका मुद्वाहरु सम्बोधन गर्ने क्रममा वोल्दै अर्थ सचिव श्री शान्तराज सुवेदीले नेपाल सरकार वैदेशिक सहायता संचालित आयोजनाहरुका बारेमा सदैव संवेदनशील रहेको तथा त्यस्ता आयोजनाहरुका मुद्वाहरुलाई उचित समाधान सहित कार्यान्वयनमा तीव्रता ल्याउन अर्थ मन्त्रालय उचित समन्वयात्मक कार्य गर्दै आएको तथा अब आउँदा दिनहरुमा समेत पूर्ण चनाखो भै अगाडी बढ्ने पक्षमा विश्व वैंकका प्रतिनिधिहरुलाई विश्वत पार्नुभएको थियो ।

उक्त कार्याक्रममा नेपालस्थित विश्व वैंक कार्यालयका राष्ट्रिय निर्देशक श्री जोहनास जुटले परियोजनाको कार्यान्वयन पक्ष, कर्मचारी परिवर्तन दरमा न्यूनता, खर्च गर्ने क्षमतामा बढावा तथा सुशासनमा विशेष ध्यान दिनुपर्ने जस्ता विषयमा जोड दिनु भएको थियो । साथै, नेपालमा विश्व वैंकको सहयोगमा संचालित परियोजनाहरुको अर्थपूर्ण सफलताका लागि यो वैठक कोशेढुङ्गा सावित हुनेछ तथा यसका लागि वैठकमा उठेका मुद्वाहरुमा पूर्णतया सम्बोधन हुन जरुरी रहेको पक्षमा जोड दिनु भएको थियो ।

अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख सह-सचिव श्री मधुकुमार मरासिनीले कार्यक्रममा सहभागी हुनुहुने सवैलाई धन्यबाद दिनुहुदै कार्यक्रमको उपादेयता, महत्व तथा विशेषता उपर प्रकाश पार्नु भएको थियो । साथै, उस्तै प्रकृतिका मुद्दाहरु लगातार हरेक बैठकमा उठ्ने गरेको तर्फ ध्यानाकर्षण गराउदै नेपाल सरकार विश्व वैंकको लगानीमा संचालित आयोजनाहरुको कार्य अवस्था सुधार गर्न सदैव तत्पर रहेको तथा यसका लागि सबै पक्षको सामूहिक जिम्मेवारी र जवाफदेहिता, पूर्ण प्रतिबद्वता आवश्यक रहेको हुदाँ सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्न समेत आव्हान गर्नुभयो ।

अर्थ मन्त्रालय,
सिंहदरबार ।
मिति:२०७०/१०/२०